# कोभिड-१९ को महामारी सम्बोधन गर्न एकिकृत कानुन निर्माण सम्बन्धी नीतिपत्र

## १. परिचय

सन् २०२० को फेब्रुअरीबाट शुरु भएको कोभिड-१९ को प्रभावबाट मुक्त हुन नपाउँदै, कोभिड-१९को दोस्रो लहरबाट हजारौं नागरिकका साथै नेपालमा बसोबास गर्ने व्यक्तिहरू समेत आक्रान्त भइरहेका छन् । अहिले नेपालको दैनिक संक्रमणदर विश्वमै उच्च रहेको छ । यसले कोभिड-१९ को महामारीले अझ विकराल अवस्था निम्त्याउने खतरा रहेको छ । यस महामारीको प्रभाव स्वास्थ्यसित मात्र सम्बन्धित छैन । यसको प्रभाव, आर्थिक, सामाजिक सम्बन्ध, न्यायीक, राजनैतिक, तथा सांस्कृतिक क्षेत्रमा पनि उत्तिकै परेको छ ।

यसबेला विश्वका धेरै देशहरू कोभिड१९ को दोश्रो लहरको बढ्दो वृद्धिलाई रोक्न पूर्ण क्षमतासाथ काम गरिरहेका छन् । विश्वभरि एकदमै छिटोछिटो फैलिरहेको कोभिड १९ दोस्रो लहरको महामारीले उत्पन्न गराएको परिस्थितिको गम्भीरतालाई मध्यनजर गर्दै नेपाल सरकारले २०७८ वैशाख १६ गते (मे, २०२१) देखि प्रभावित क्षेत्रहरूको गाम्भीर्यलाई ध्यानमा राख्दै निशेधाज्ञाको घोषणा गरेको छ । त्यसकारण यस महामारी नियन्त्रण गरी प्रत्येक दिन भइरहेको मानवीय स्ङ्कट तथा निकट भविष्यमा आउन सक्ने सङ्कटलाई सम्बोधन गर्न नेपालले आत्मसात गरेको कानुनी तथा नीतिगत व्यवस्थाहरूको समीक्षा गर्दै यसलाई सम्बोधन गर्न ठोस निष्कर्षमा पुग्न आवश्यक देखिन्छ ।

## २.कोभिड-१९ लाई सम्बोधन गर्न नेपाल सरकारले अवलम्बन गरेको कानुनी तथा नीतिगत व्यवस्था

नेपालको संविधानले महामारीको कारणले गम्भीर सङ्कट उत्पन्न भएमा राष्ट्रपतिले नेपालभरि वा नेपालको कुनै खास क्षेत्रमा लागू हुने गरी सङ्कटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्ने व्यवस्था गरेको छ (धारा २७३) । तर संविधानले मौलिक हक अन्तर्गत सम्मानपूर्वक बाँच्न पाउने हक (धारा १६), सञ्चारको हक (धारा १९), अपराध पीडितको हक (धारा २१), स्वास्थ्य सम्बन्धी हक (धारा ३५), खाद्य सम्बन्धी हक (धारा ३६) लगायतका हकलाई संकटकालमा समेत निलम्बन गर्न नसकिने हकको रूपमा प्रत्याभूत गरेको छ ।

कोभिड-१९ महामारी सम्बोधनका निमित्त नेपालको संविधान लगायत यससित सम्बन्धित कानुनहरू संक्रामक रोग ऐन, २०२०, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४, कोभिड-१९ महामारीका सन्दर्भमा नेपाल सरकारका विभिन्न मन्त्रालयले जारी गरेका स्वास्थ्य निर्देशिकाहरू, मापदण्डहरू, प्रतिकार्य योजनाहरू अत्यन्त महत्वपूर्ण रहेका छन् । यी निम्न बमोजिम रहेका छन्:

| | | |
|---|---|---|
| १ | नेपाल सरकार | • नेपालको संविधान<br>• संक्रामक रोग ऐन, २०२०<br>• आवासको अधिकार सम्बन्धी ऐन, २०७५<br>• खाद्य अधिकार तथा खाद्य सम्प्रभतु सम्बन्धी ऐन, २०७५<br>• संक्रामक रोग नियन्त्रण ऐन, २०२०<br>• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४<br>• जनस्वास्थ्य सेवा ऐन, २०७५<br>• सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५ |
| २ | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | • महिला तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट कोरोना भाइरस संक्रमणको कारण उत्पन्न सङ्कटमा ज्येष्ठ नागरिकलाई सहयोग र सहायता प्रदान गर्न सरोकारवालाका लागि तयार गरिएको मार्गदर्शन, २०७७<br>• स्वास्थ्य सुरक्षा प्रोटोकल<br>• कोभिड-१९ महामारी विरुद्धको अभियानमा अपाङ्गता सम्बन्धी सरोकारवालाहरूको लागि मार्गनिर्देशन, २०७७<br>• कोरोना भाइरस संक्रमणबाट महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकहरूमा परेको र पर्न सक्ने असरहरूको बारेमा सुधार तथा सम्बोधन गर्न र सामाजिक संघसंस्था परिचालन गर्ने सम्बन्धी कार्ययोजना, २०७७<br>• कोभिड-१९ महामारी विरुद्धको अभियानमा अपाङ्गता सम्बन्धी सरोकारवालाहरूको लागि मार्गनिर्देशन, २०७७ |
| ३ | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | • कोभिड-१९ सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य र आपतकालीन योजना<br>• कोभिड-१९ सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य<br>• कोरोना भाइरस रोग (कोभिड-१९) विश्व महामारीको समयमा प्रजनन्, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाको लागि अन्तरिम मार्गनिर्देशन, २०७७<br>• क्वारेन्टाइनमा रहेका व्यक्तिका लागि स्वास्थ्य सम्बन्धी व्यवस्था |

| | | |
|---|---|---|
| ४ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | • कोभिड-१९ सम्बन्धी कार्ययोजना कार्यान्वयन सम्बन्धमा स्थानीय तहलाई मिति २०७६/१२/०९ मा पठाएको पत्र |
| ५ | अर्थ मन्त्रालय | • असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरूलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६<br>• व्यवसाय निरन्तरता क्रेडिट प्रवाह प्रक्रिया २०७७ |
| ६ | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | • वैकल्पिक प्रणालीबाट विद्‌यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७<br>• कोभिड-१९ शैक्षिक क्लस्टर कनटिन्जेन्सी योजना, २०२० |
| ७ | गृह मन्त्रालय | • बन्दाबन्दीलाई व्यवस्थित गर्ने सम्बन्धी सुरक्षा मापदण्ड, २०७७ |
| ८ | नेपाल राष्ट्र बैंक | • मौद्रिक नीति २०७७/०७८ |

| | | |
|---|---|---|
| ९ | कोभिड-१९ सँग सम्बन्धित मुद्दामा सर्वोच्च अदालतको मुख्य निर्णय | • अधिवक्ता मिना खड्का बस्नेत समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत (रिट नं.०७६-WO-०९३२), अधिवक्ता मनिषकुमार श्रेष्ठ समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत ( रिट नं. ०७६ WO-०९३५)<br>• अधिवक्ता श्री विष्णु लुइँटेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार समेत (रिट नं. ०७६-WO-०९३३)<br>• जनहित संरक्षण मञ्चको तर्फबाट आफ्नो हकमा समेत वरिष्ठ अधिवक्ता प्रकाशमणी शर्मा समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं (रिट नं.०७६-WO-०९३८)<br>• अधिवक्ता सोमप्रसाद लुइँटेल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरबार काठमाडौं समेत (रिट नं.०७६-WO-०९४०)<br>• अधिवक्ता शैलेन्द्रप्रसाद हरिजन समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत (रिट नं. ०७-WO-०९)<br>• अधिवक्ता रोशनी पौडेल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको सचिवालय सिंहदरबार काठमाडौं समेत ( रिट नं.०७६-WO-०९६२)<br>• अधिवक्ता बिष्णु लुइँटेल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरबार काठमाडौं समेत ( रिट नं.०७६-WO-०९३३)<br>• सर्वोच्च अदालत बार एसोसिएशनको तर्फबाट आफ्नो हकमा समेत अधिवक्ता पुष्पराज पौडेल समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय ( रिट नं.०७६-WO-२९३६) |

## ३. वर्तमान कानुनी व्यवस्थामा उठेका सवालहरू

नेपाल सरकारले कोभिड १९ महामारीलाई सम्बोधन गर्न केही मापदण्ड, निर्देशिका तथा प्रतिकार्य योजनाहरू तयार

गरेको भएता पनि, महामारीबाट निम्तिएको वा भविष्यमा निम्तिन सक्ने स्वास्थ्य सङ्कट, शिक्षा, आर्थिक क्षेत्रमा भएको वा हुन सक्ने क्षतिका कारण सर्वसाधारण नागरिकहरूको दैनिक जीवनमा परेको असर, न्यायमा पहुँच र त्यससित जोडिएका विविध सवालहरूलाई समष्टिगत रूपमा सम्बोधन गर्न हालसम्म नेपाल सरकारले एकीकृत विधायिकी ऐन (कानुन) को निर्माण गरेको छैन ।

संक्रामक रोग ऐन, २०२०, आजभन्दा ६ दशक अगाडि जारी भएको ऐन हो । यही ऐनको आधारमा २०७७ साल चैत्र ११ गतेदेखि लागू हुने गरी पहिलो पटक नेपाल सरकारले बन्दाबन्दीको घोषणा गर्नुका साथै कोरोनाको दोस्रो लहर आइसकेपछि पनि यही ऐनको आधारमा नेपाल सरकारले निशेधाज्ञा जारी गरेको अवस्था छ । यीदेखि बाहेक महामारीले सर्वसाधारणको न्यायमा पहुँच, सामान्य नागरिकले भोगिरहेको स्वास्थ्य सङ्कट, शिक्षा, आर्थिक क्षेत्रमा भएको वा हुन सक्ने क्षतिका कारण सर्वसाधारण नागरिकहरूको दैनिक जीवनमा परेको असर, महामारीमा नागरिकहरूको स्वास्थ्य अधिकार, खाद्य अधिकार, न्यायमा पहुँचको अधिकार, मर्यादापूर्ण जीवन यापन लगायतका वृहद क्षेत्रमा परेका वा पर्न सक्ने भयावह अवस्था तथा लगायतका सवालहरूलाई समष्टिगत रूपमा सम्बोधन गर्न ऐनमा भएका व्यवस्थाहरू अपर्याप्त तथा असक्षम देखिन्छ । जति पनि मापदण्डहरू, निर्देशिकाहरू जारी भएका छन्, तिनको कानुनी आधार कमजोर भएका कारण, तिनको क्रियान्वयन क्षमता अत्यन्त कमजोर रहेको छ । साथै, मापदण्डहरू, निर्देशिकाहरूप्रति सरकार स्वयम्को प्रतिबद्धता अत्यन्त कमजोर देखिन्छ । आजभन्दा ६ दशक अगाडि जारी भएको संक्रामक रोग ऐन, २०२० ले कोभिड-१९ जस्तो विश्वव्यापी संक्रामक रोग लगायत त्यस्तै प्रकारका अन्य महामारीलाई सम्बोधन गर्न सक्ने अवस्था छैन । मूलतः महामारीसित सम्बन्धित वर्तमान कानुनी व्यवस्थामा सरोकारवालाहरूले निम्न विषयहरू उठाएको देखिन्छ:

- ***सामाजिक न्यायको सवाल:*** महामारीको समयमा स्वास्थ्य सरोकारका विषयहरू अत्यन्त महत्वपूर्ण हुन्छन् । तर त्यसदेखि बाहेक नागरिकहरूको दैनिक जीवनसित सरोकार राख्ने विषयहरू जस्तो: न्यायको सवालसित जोडिएका कानुनी जटिलता, न्यायमा पहुँचको सवाल, खाद्य अधिकारको सवाल, मर्यादापूर्वक जीवन यापन लगायतका सवाहरूलाई सम्बोधन गर्ने जिम्मेवारी कसको हो भन्ने सम्बन्धमा यो ऐन मौन देखिन्छ ।

- ***संघीय संरचनामा अधिकारको बाँडफाँड:*** मुलुक संघीय संरचनामा गइसकेपछि, माथि उल्लिखित विषयगत सवालहरूलाई सम्बोधन गर्न नेपाल सरकारको कुन निकाय जिम्मेवार हुने, प्रदेश तथा स्थानीय तहबीच यस सम्बन्धमा अधिकारको बाँडफाँड कसरी गर्ने भन्ने सम्बन्धमा कानुन मौन देखिन्छ । संघीय संरचना भएको मुलुकमा महामारीजस्तो भयावह अवस्थालाई सम्बोधन गर्न तीन तहको सरकारबीचको अधिकार तथा जिम्मेवारीको बाँडफाँडका विषयमा कानुनको अभाव रहेको छ ।

- ***मौलिक हक र न्यायमा पहुँच:*** *संक्रामक रोग* ऐन,२०२० ले महामारी रोक्न "आवश्यक आदेश" दिन सक्ने व्यवस्था गरेको छ । तर आवश्यक आदेश भनेको के हो ? यो आदेशको सीमा के हो ? यो कसले दिने ? यस्ता आदेशहरूले व्यक्तिको सङ्कटकालमा पनि निलम्बन गर्न नसकिने प्रकृतिका मौलिक अधिकारहरू जस्तो: धारा १६, धारा १७ को उपधारा (२) को खण्ड (ग) र (घ), धारा १८, धारा १९ को उपधारा (२), धारा २०, धारा २१, धारा २२, धारा २४, धारा २६ को उपधार (१), धारा २९, धारा ३०, धारा ३१, धारा ३२, धारा ३५, धारा ३६ को उपधारा (१) र (२), धारा ३८, धारा ३९, धारा ४० को उपधारा (२) र (३), धारा ४१, धारा ४२, धारा ४३, धारा ४५ र धारा ४६ बमोजिमको संवैधानिक उपचारको हक र बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हकलाई कुण्ठित गरेमा यसको प्रत्याभूति कसरी गर्ने जस्ता सवालहरूमा ऐन मौन रहेको देखिन्छ ।

- ***न्यायिक सेवाको व्यवस्थापन सम्बन्धी सवाल :*** निशेधाज्ञाको वर्तमान अवस्थामा न्यायपालिकाले आफ्ना कार्यहरूलाई सीमित गरेको छ । सर्वोच्च अदालतको फूल बेन्चको निर्णयका आधारमा न्यायपालिकाको कामलाई सङ्कुचित गरिएको छ । हाल सर्वोच्च अदालत तथा प्रायःजसो जिल्ला अदालतहरूले पक्राउ

पूर्जीका् अनुमति, जरूरी पक्राउ पूर्जीको समर्थन, म्याद थप गर्ने र कल डिटेल सम्बन्धी अनुमति लिने कार्य अनिवार्य रूपमा अनलाइन र भिडियो कन्फ्रेस मार्फत नियमित गर्ने, गराउने, अभियोग पत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको बयान लिने र थुनछेक आदेश सम्बन्धी कार्य गर्ने.....घरेलु हिंसा सम्बन्धी फिराद दर्ता र सुनुवाइ आदि विषयहरू मात्र हेर्ने सम्बन्धमा सूचनाहरू प्रकाशित गरेको देखिन्छ । तर महामारीको बेलामा अदालत बन्द हुने वा खोल्ने हो, खोल्दा कस्तो मापदण्ड अपनाउने, नागरिकहरूका मौलिक हक हनन् भएमा के गर्ने, व्यक्तिका आर्थिक अधिकार लगायत देवानी मुद्दाका सवालहरू आदिसित सम्बन्धित सुनुवाइ हुने वा नहुने भन्ने सम्बन्धमा कसले निर्णय लिने, जिम्मेवारी कसले लिने, न्याय कसले दिने आदिका सम्बन्धमा सर्वोच्च अदालतको फूलकोर्टले निर्णय लिनेभन्दा पनि राष्ट्रको विधायिकाले कानुन बनाएर सो विषयलाई सम्बोधन गर्नुपर्ने हुन्छ । तर सो विषय सम्बोधन गर्न पनि ऐन असक्षम रहेको देखिन्छ ।

- ***न्यायमा पहुँच सुनिश्चित गर्न वैकल्पिक उपायहरूको अभाव*** : कोभिड-१९ महामारीको अवस्थामा न्यायपालिका घरेलु हिंसा, बालबालिकाको हेरचाह, सम्पत्तिको अधिकारजस्ता महत्वपूर्ण सवालहरूमा न्यायमा पहुँच सुनिश्चित गर्न लैङ्गिक हिंसा सम्बन्धी मुद्दाहरूको दर्ता, सुनुवाइ, तारेख लिने, मेलमिलापजस्ता विषयमा वैकल्पिक उपायहरूको व्यवस्था सम्बन्धमा हटलाइन सञ्चालन गर्ने विषयमा सीमित रहेको देखिन्छ । यसका अतिरिक्त घटना व्यवस्थापन कसरी गर्ने, पीडितको उद्धार, पुनर्स्थापना, अन्तरिम राहत,पीडितसित साथै रहेका बालबालिकाको संरक्षण आदिका विषयमा प्रष्ट व्यवस्था गरिएको छैन ।

***बन्दाबन्दी र निशेधाज्ञाको मापदण्ड***

- बन्दाबन्दी वा निशेधाज्ञाको मापदण्ड के हो ? महामारीबाट ज्यान जोगाउन बन्दाबन्दी वा निशेधाज्ञा जारी गर्दा दीर्घ रोगी, प्रसुती तथा प्रजनन स्वास्थ्यसित सम्बन्धित सेवा, आपत्कालीन स्वास्थ्यसेवा आवश्यक पर्ने नागरिकहरूको सेवा सहजीकरण कसले गर्ने, कसरी गर्ने, उनीहरूका निमित्त स्वास्थ्य मापदण्ड के हो ? प्रहरीले त्यस्तो अवस्थामा रोकेको कारण विरामीको मृत्यु भएमा जिम्मेवारी कसले लिने आदि विषयमा पनि कानुन मौन रहेको छ ।

- कोभिड-१९ को महामारीको बन्दाबन्दी तथा निशेधाज्ञाको समयमा त्यस्तो अवस्थामा प्रमुख जिल्ला अधिकारीकहाँबाट पास लिने भन्ने खालका व्यवस्था गरेको पाइन्छ । तर नेपालजस्तो भौगोलिक विकटता भएका मुलुकमा सिडिओकहाँ पास लिन आउनेजस्तो विषय कतिको व्यवहारिक हुन्छ, यस्तो परिस्थिति नसुहाउँदो निर्णयका कारण नागरिकले भोग्नुपर्ने क्षतिको पूर्ति दिने जिम्मेवारी कसले लिने, जिम्मेवार कसलाई बनाउनेजस्ता विषयहरू पनि सम्बोधन गर्न सकेको देखिँदैन ।
- कुनै पनि निकायलाई अधिकार दिँदा त्यसको मापदण्ड के हो ? कसलाई पास दिने, कसलाई नदिने, कसरी दिने स्थानीय सरकार र प्रदेश सरकारको भूमिका के हुने ? जस्ता विषयहरूमा पनि कानुन मौन रहेको देखिन्छ ।

***स्वास्थ्यकर्मीको सुरक्षाको सवाल***

- महामारीको बेलामा बढी खट्नुपर्ने डाक्टर, नर्स लगायत अन्य स्वास्थ्यकर्मीहरूलाई दिनुपर्ने थप सुविधा के के हुन्, यस बारेमा कसले निर्णय गर्ने, सो लागु नगरेमा न्यायको बाटो के हो ? आदि विषयमा पनि कानुनमा उल्लेख छैन ।

- अस्पतालमा गएका विरामीको उपचार नगर्ने डाक्टर, अस्पताललाई के सजाय हुने, कुन कानुन लागु हुने भन्ने

सम्बन्धमा पनि ऐन मौन देखिन्छ ।

- ***शिक्षाको अधिकारको सवाल:*** बन्दाबन्दी तथा निषेधाज्ञाको कारण स्वास्थ्य अधिकारका साथसाथै, बालबालिकाको शिक्षाको अधिकार कुण्ठित मात्र भएको छैन, ग्रामीण भेगका बालबालिकाहरू, अपाङ्गता भएका बालबालिका, न्युन आय भएका परिवारका बालबालिका, दैनिक मजदुरीबाट गुजारा गर्नुपर्ने परिवारका बालबालिका लगायतहरू शिक्षाबाट समेत बञ्चित हुन पुगेको अवस्था छ । यस सम्बन्धमा तीनै तहको सरकारलाई कसरी जिम्मेवार बनाउने भन्ने सम्बन्धमा पनि ऐन मौन रहेको अवस्था छ ।

- ***सुशासन:*** महामारीको अवस्थामा हुने कालोबजारी, अनियमितता, भ्रष्टाचार, कमिशन, बढी मूल्य लिई औषधीको बेचबिखन आदि लगायत स्वास्थ्य सामग्री खरिद एवम् यस्ता प्रक्रियालाई सहज र सरल बनाएर सम्बोधन गर्ने विषयमा पनि कानुन मौन छ ।

- ***महामारीको बेलामा मानव अधिकार आयोग, अन्य विषयगत आयोगहरूको भूमिका:*** महामारीको बेलामा मानव अधिकार आयोग, अन्य विषयगत आयोगहरूको भुमिका र अदालत लगायतका निकायहरूको कार्यक्षेत्र के हुने, उनीहरूको काम, कर्तव्य र अधिकार के हुने ? महामारीको बेलामा राज्यका निकाय वा कानुनले व्यवस्था गरेका जनताको गुनासो सुन्ने निकायको सेवाको व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा पनि कानुन मौन छ ।

- ***निजी क्षेत्र तथा नागरिकको जिम्मेवारी:*** महामारीको बेला नागरिक तथा निजी क्षेत्रको जिम्मेवारी के हो ? निजी क्षेत्रका स्वास्थ्य केन्द्रहरूको जिम्मेवारी के के हुन् ? भन्ने विषयमा पनि कानुन मौन रहेको छ ।
- ***अन्तर विविधता (इन्टरशेक्सनालिटि) को अवधारणालाई आत्मसात:*** *यसका अतिरिक्त नेपाल सरकारले जारी* गरेका प्रतिकार्ययोजना, निर्देशिका तथा निर्देशन*हरू ल्याएको देखिन्छ । यसलाई सकारात्मक मान्ने हो भने पनि यी दस्तावेजहरूले कोभिड १९ ले विविध समुदायलाई पारेको प्रभावलाई सम्बोधन गर्न अन्तर विविधताको अवधारणावाट हेर्ने हो भने* नेपाल सरकारले ल्याएको प्रतिकार्ययोजना, मार्गनिर्देशन र निर्देशनले महिला तथा बालबालिका लैङ्गिक हिंसाको जोखिममा रहेको विषयलाई केही हदसम्म स्वीकार गरेका छन् । तर नेपाली समाजमा विद्दमान अन्तर विविधता जस्तो, योनिकता, लैङ्गिकता, जातीय, वर्गीय, लैङ्गिक, उमेर, शारीरिक असक्तता, अपाङ्गता, भौगोलिकता, शैक्षिक अवस्था, स्रोत र साधनमाथिको असमान पहुँच लगायतका विभेद र असमानताहरूका कारण थप जोखिममा रहेको वर्गको आवश्यकतालाई सम्बोधन गर्ने तर्फ यी दस्तावेजहरूले पर्याप्त ध्यान दिन सकेको देखिदैन । उनीहरूका आवश्यकताहरू फरक छन्, क्वारेन्टिन लगायत अन्य सेवा प्रदायक निकायहरूले उनीहरूको आवश्यकता र मानव अधिकारलाई पनि ध्यान दिन आवश्यक छ भन्ने विषयलाई यी दस्तावेजहरूले प्रतिबिम्बित गरेका छैनन् । यी दस्तावेजहरूले अन्तर विविधता र त्यसभित्र अन्तरनिहित असमान शक्तिसम्बन्ध र त्यसको प्रभावमाथि समेत ध्यान दिन सकेका छैनन् ।

**लैङ्गिक हिंसासित सम्बन्धित सवाल**

- ***कार्ययोजनाको अभाव:*** लैङ्गिक हिंसा सम्बोधन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय लगायत मातहतका निकायहरूले लैङ्गिक हिंसा लगायत महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरूमाथि हुने हिंसा सम्बोधन गर्न छुट्टै विस्तृत कार्ययोजना तर्जुमा गरेको देखिएन ।

परिणामतः बन्दाबन्दीको अवस्थामा घटनाको उजुरी लिने सम्बन्धमा अझै पनि अन्यौलता विद्देमान रहेका छन् ।

- ***पीडितको सुरक्षाको व्यवस्था योजनाको अभाव :*** कोभिड-१९ लाई सम्बोधन गर्न सार्वजनिक स्थानहरू जस्तो सेवा केन्द्रहरू, बाल सुधार गृहहरू तथा कारागारहरूमा भीडभाडलाई कम गर्न कार्य गर्नु जरुरी आवश्यकता हो । तर भीड कम गर्ने नाममा पीडितको सुरक्षाको व्यवस्थाका सम्बन्धमा उत्पन्न हुने जटिलताहरू सम्बोधन नगरी कारागार, बालसुधार गृह लगायतबाट रकम तिरी कैदीहरूलाई बाहिर आउने व्यवस्था गर्न निवेदन दिन सक्ने व्यवस्था सर्वोच्च अदालतले गरेको छ । यस व्यवस्थाले पीडक कैदी समाजमा नै आएर बस्ने अवस्था श्रृजना गरेको छ । यसले पीडित मानसिक तथा भौतिक रूपमा थप असुरक्षित हुने सम्भावना छ । यस सम्बन्धमा प्रहरी, न्यायपालिका तथा महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले पनि सक्रियतापूर्वक सुरक्षा योजना बनाएको देखिँदैन ।
- ***सेवा प्रदायक निकायहरू नबनाइनु र भएका सेवा प्रदायक निकायहरू पर्याप्त र प्रभावकारी नहुनु :*** लैङ्गिक हिंसा पीडितहरूको मानव अधिकार र उनीहरूको अन्तरिम संरक्षण र राहतका निमित्त आवश्यक सेवा उपलब्ध गराउन नेपाल सरकारले विभिन्न ऐनहरू मार्फत कानुन बनाएर स्थानीय तह तथा प्रदेशमा सेवा कोष, पुनर्स्थापना कोष, बाल कोष, पीडित राहत कोष, लैङ्गिक हिंसा निवारण कोषहरू स्थापना गर्न सक्ने व्यवस्था गरेको छ । संघमा पनि पुनर्स्थापना कोष र लैङ्गिक हिंसा निवारण कोष मात्र स्थापना भएका छन् । तर त्यसमा पीडितहरूको पहुँच एकदमै न्यून रहेको छ । उल्लिखित सेवाहरूलाई प्रभावकारी बनाउन आवश्यक स्रोत र साधन प्रवाह गर्न विभिन्न ऐनहरूले कोष निर्माण गर्नुपर्ने सो कोषबाट सेवा केन्द्रहरूलाई आवश्यक स्रोत व्यवस्थापन गर्नुपर्ने उल्लेख गरेको भएता पनि ती कोषहरू स्थापना हुन नसक्दा स्थापना भएका सेवा केन्द्र तथा पुनर्स्थापना केन्द्रहरू पनि पूर्ण सञ्चालनमा आउन सकेका छैनन् । अझ कोरोना महामारीको कारण थप स्वास्थ्य सुरक्षा अपनाउन यी सेवा केन्द्रहरूसित स्रोतको अभाव रहेको कारण प्रभावकारी सेवा दिने अवस्थामा छैनन् ।
- ***आन्तरिक तथा वाह्य सञ्चार प्रणालीको व्यवस्था नगरिनुः*** पीडितको सुरक्षा, उद्धार, पुनर्स्थापनाका निमित्त जिम्मेवार व्यक्तिहरूबीच कुनै घटनाका सम्बन्धमा कसले, कसलाई तत्काल जानकारी दिने र पीडितलाई सुरक्षा गर्ने भन्ने सम्बन्धमा आन्तरिक तथा वाह्य सञ्चार योजना कुनै पनि प्रतिकार्यले प्रभावकारी रूपमा सम्बोधन गरेको छैन ।
- ***मूलप्रवाहिकरण नहुनुः*** कोरोना भाइरसको प्रभावलाई सम्बोधन गर्ने क्रममा प्रहरी, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले लैङ्गिक हिंसा सम्बोधन गर्न केही विशेष निर्देशिकाहरू ल्याएको भए तापनि नेपाल सरकारका विभिन्न निकायहरूले जारि गरेको प्रतिकार्ययोजना, मार्गनिर्देशन तथा निर्देशनहरूमा बन्दाबन्दीको समयमा हुने र भएका हिंसा सम्बोधनका निमित्त सबै सरोकारवालाहरूलाई जिम्मेवार बनाउन लैङ्गिक हिंसा सम्बन्धी विषयलाई मूलप्रवाहिकरण गर्न सकेको देखिँदैन ।

# ४ परिणाम

- विधायिकी कानुनको अभावमा नेपाल सरकारले कार्यकारी निर्णयद्वारा कोभिड-१९ बाट श्रृजित सवालहरू

सम्बोधन गर्न विभिन्न मापदण्ड, निर्देशिका तथा प्रतिकार्ययोजनाहरू जारी भएको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको अवस्था छैन । यस अवस्थामा विधायिकी कानुनको अभाव र अस्पष्टताका कारण नेपाल सरकारले जारी गरेका कतिपय मापदण्ड तथा निर्देशिकाहरू पालना गर्न जिम्मेवार निकाय तथा सम्बन्धित कर्मचारीहरूले जिम्मेवारी नलिएको कारण त्यसबाट प्रभावित नागरिकहरूले कानुनी उपचारका निमित्त कहाँ जाने भन्नेजस्ता सवालहरूले गर्दा महामारीको समयमा सामाजिक न्याय, नागरिकका मौलिक हकहरूको परिपालना गम्भीर रूपमा प्रभावित हुन पुगेको देखिन्छ ।

- कतिपय सवालहरूका सम्बन्धमा रिट निवेदन मार्फत सर्वोच्च अदालतमा न्यायका निमित्त पुग्दा समेत सर्वोच्च अदालतबाट भएका आदेशहरूको परिपालनामा सरकार गम्भीर भएको देखिँदैन ।
- महामारीको बेला खोप, अक्सिजन सिलिण्डर लगायतका अति आवश्यक स्वास्थ्य सामग्री आयातका निमित्त सरकार नीति आपत्कालिन स्वास्थ्य सामग्री खरीद प्रक्रियाका निमित्त अनुपयुक्त भएका कारण खोप तथा अक्सिजन सिलिण्डर आयात हुन नसक्दा आज नेपाली नागरिकहरू मर्ने अवस्था श्रृजना भएको छ । यो कार्य मानवता विरोधी अपराध भइरहँदा पनि नागरिकहरू मूकदर्शक हुनु परेको अवस्था छ ।
- महामारीमा सहयोग गर्न दाता, संघ संगठनहरू, बैंक तथा वित्तीय संस्था, सहकारी, गैर सरकारी संस्था तथा अगैसस, व्यापारीहरूबीच समन्वय र सहकार्यको संयन्त्रजस्ता महामारी कोष स्थापना सम्बन्धी कानुनी व्यवस्थाको अभाव देखिन्छ ।
- सङ्कटको समयमा कालोबजारी अनुगमन र निगरानी गर्न स्थानीय स्तरमा सरकार, नागरिक समाज, पत्रकार आदिलाई जिम्मेवार बनाउने संयन्त्रको अभावका कारण अनुगनमन प्रभावकारी हुन नसकेको अवस्था छ ।
- बन्दाबन्दीको समयमा बालबालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा घरेलु हिंसाको अवस्थालाई अनुगमन गर्न मानव अधिकार आयोग, नागरिक संघ सङ्गठन र प्रहरीको सहकार्य र समन्वयको अभाव देखिन्छ ।
- कोभिड-१९ सँग सम्बन्धित परियोजनाहरूको प्रभावकारी कार्यान्वयन कसले गर्ने, समन्वय गर्ने विधि र प्रक्रिया के हो भन्ने सम्बन्धमा कानुनमा प्रष्ट व्यवस्था नभएको कारणले गर्दा कसैलाई पनि जिम्मेवार बनाउन नसकेको अवस्था छ ।
- महामारीमा उच्च जोखिम मोलेर काम गर्ने स्वास्थ्यकर्मीहरूको मनोबल बढाउने सम्बन्धमा कानुनी दायित्व नभएको र कार्यकारीको मनोमालिन्यपूर्ण घोषणा र सो पनि कार्यान्वयन नहुँदा समेत स्वास्थ्यकर्मीहरूले कानुनी रूपमा आफ्नो अधिकार दाबी गर्न नसकेको अवस्था छ ।
- स्वास्थ्य सूचना प्रणालीलाई व्यवस्थित गर्न र कुन अस्पतालमा के कति संख्यामा शय्याहरू रहेका छन् आदि सूचना दिने वेबसाइट विकास गरी अस्पतालहरूको सेवालाई प्रभावकारिताको जिम्मेवारी कसको हो भन्ने सम्बन्धमा कानुनी अभावका कारण व्यवहारमा समन्वयको अभाव रहेको देखिन्छ ।
- महामारीबाट बच्नका लागि सबै नागरिकलाई गुणस्तरीय भ्याक्सिन सर्वसुलभ रूपमा तत्काल उपलब्ध गराउन प्रभावकारी कार्ययोजना कसले बनाउने भन्ने सम्बन्धमा कानुनको अभावले समन्वयात्मक सहकार्यको अभाव भएको देखिन्छ ।
- प्राणघातक रोग विरुद्धको खोपलाई सर्वसुलभ बनाई गर्भवती र बालबालिकालाई खोपको पहुँचको अभावलाई सम्बोधन कसले गर्ने भन्ने सम्बन्धमा प्रष्ट जिम्मेवार निकायको अभाव रहेको छ ।
- अति आवश्यक सेवाहरू अनलाइन प्रणालीमा लैजाने र इन्टरनेटको सेवा सुविधा, पहुँच वृद्धि, गुणस्तर सुधार र सस्तो बनाउनका लागि जिम्मेवार निकाय र सरकार कुन हो भन्ने प्रष्ट नभएको कारण व्यवहारमा सो सम्बन्धमा प्रशस्त अन्यौलता श्रृजना भएको छ ।
- तीनै तहको सरकारबीच महामारीलाई सम्बोधन गर्न आवश्यक समन्वय, सहकार्यको संयन्त्र नबनेको र

CCMC जस्ता संयन्त्रहरू निर्माण भएको भएता पनि उक्त संरचना एकात्मक प्रकृतिको रहेको र मुलुक संघीय संरचनामा गईसकेको अवस्थामा यस्ता एकिकृत प्रकृतिको संयन्त्रहरूको भूमिका प्रभावकारी हुन नसकेको अवस्था छ ।

- महामारीको समयमा वैकल्पिक प्रणालीबाट विद्यार्थीको शिक्षण सिकाइ सहजीकरणको जिम्मा कसले लिने भन्ने सम्बन्धमा कानुन मौन भएको हुँदा समन्वय र सहकार्यको अभाव र अन्यौलता विध्यमान हुन पुगेको देखिन्छ ।
- समग्रमा विधायिकी कानुनको अभावले "कानुनको शासन" माथि ठूलो प्रश्नचिन्ह उठेको छ । मुलुक कानुनको शासनभन्दा पनि कानुनद्वारा शासित हुने अवस्थामा पुगेको छ ।

# ५.सुझावहरू

जिम्मेवार तीनै तहका सरकारी निकाय तथा सरोकारवालाहरूलाई नागरिकप्रति उत्तरदायी बनाउन उपर्युक्त सवालहरूलाई सम्बोधन गर्ने गरी एकीकृत विधायिकी कानुनको आवश्यकता टड्कारो देखिएकोले महामारीलाई सम्बोधन गर्न *एकीकृत कानुनको* निर्माण गर्ने । एकीकृत ऐन निर्माण गर्दा निम्न विषयहरूलाई सम्बोधन गर्नुपर्ने देखिन्छ :

- ***जिम्मेवार निकाय कुन हुने भन्ने विषयको सुनिश्चिता:*** महामारीको समयमा नागरिकहरूको दैनिक जीवनसित सरोकार राख्ने विषयहरू जस्तोः न्यायको सवालसित जोडिएका कानुनी जटिलता, न्यायमा पहुँचको सवाल, खाद्य अधिकारको सवाल, मर्यादापूर्वक जीवन यापन लगायतका सवाहरूलाई सम्बोधन गर्ने जिम्मेवारी कसको हो भन्ने जिम्मेवारी तोक्ने ।

- ***संघीय संरचनामा अधिकारको बाँडफाँड:*** महामारीजस्तो भयावह अवस्थालाई सम्बोधन गर्न तीन तहको सरकारबीचको अधिकार तथा जिम्मेवारी के हुने र कस्को हुने भन्ने सम्बन्धमा कानुनी व्यवस्था गर्ने ।

- ***मौलिक हक र न्यायमा पहुँचको सुनिश्चितता*** महामारीमा दिनसक्ने "आवश्यक आदेश" भनेको के हो ? यो आदेशको सीमा के हो ? यो कसले दिने ? यस्ता आदेशहरूले व्यक्तिको सङ्कटकालमा पनि निलम्बन गर्न नसकिने प्रकृतिका मौलिक अधिकारहरू जस्तोः धारा १६, धारा १७ को उपधारा (२) को खण्ड (ग) र (घ), धारा १८, धारा १९ को उपधारा (२), धारा २०, धारा २१, धारा २२, धारा २४, धारा २६ को उपधार (१), धारा २९, धारा ३०, धारा ३१, धारा ३२, धारा ३५, धारा ३६ को उपधारा (१) र (२), धारा ३८, धारा ३९, धारा ४० को उपधारा (२) र (३), धारा ४१, धारा ४२, धारा ४३, धारा ४५ र धारा ४६ बमोजिमको संवैधानिक उपचारको हक र बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हकलाई कुण्ठित गरेमा यसको प्रत्याभूति कसरी गर्ने जस्ता सवालहरूलाई कानुनमा प्रष्टसित सम्बोधन गर्नुपर्ने ।

- ***न्यायिक सेवाको व्यवस्थापन सम्बन्धमा:*** महामारीको बेलामा अदालत बन्द हुने वा खोल्ने हो, खोल्दा कस्तो मापदण्ड अपनाउने, नागरिकहरूका मौलिक हक हनन् भएमा के गर्ने, व्यक्तिका आर्थिक अधिकार लगायत देवानी मुद्दाका सवालहरू आदिसित सम्बन्धित सुनुवाइ हुने वा नहुने भन्ने सम्बन्धमा कसले निर्णय लिने, जिम्मेवारी कसले लिने, न्याय कसले दिने आदि विषय सम्बोधन गर्नुपर्ने ।

- ***न्यायमा पहुँच सुनिश्चित गर्न वैकल्पिक उपायहरूको सुनिश्चितता :*** महामारीको अवस्थामा न्यायपालिका घरेलु हिंसा, बालबालिकाको हेरचाह, सम्पत्तिको अधिकारजस्ता महत्वपूर्ण सवालहरूमा न्यायमा पहुँच सुनिश्चित गर्न लैङ्गिक हिंसा सम्बन्धी मुद्दाहरूको दर्ता, घटना व्यवस्थापन कसरी गर्ने, पीडितको उद्धार, पुनर्स्थापना, अन्तरिम राहत,पीडितसित साथै रहेका बालबालिकाको संरक्षण आदिका विषयमा प्रष्ट व्यवस्था गर्ने ।

- ***बन्दाबन्दी र निशेधाज्ञाको मापदण्ड तोक्ने :*** बन्दाबन्दी वा निशेधाज्ञाको मापदण्ड के हो ? महामारीबाट ज्यान जोगाउन बन्दाबन्दी वा निशेधाज्ञा जारी गर्दा दीर्घ रोगी, प्रसुती तथा प्रजनन स्वास्थ्यसित सम्बन्धित सेवा, आपत्कालीन स्वास्थ्यसेवा आवश्यक पर्ने नागरिकहरूको सेवा सहजीकरण कसले गर्ने, कसरी गर्ने, उनीहरूका निमित्त स्वास्थ्य मापदण्ड के हो ? प्रहरीले त्यस्तो अवस्थामा रोकेको कारण विरामीको मृत्यु भएमा जिम्मेवारी कसले लिने आदि विषय सम्बोधन गर्ने । साथै कुनै पनि निकायलाई अधिकार दिँदा त्यसको मापदण्ड के हो ? कसलाई पास दिने, कसलाई नदिने, कसरी दिने स्थानीय सरकार र प्रदेश सरकारको भूमिका के हुने ? जस्ता विषयहरू सम्बोधन गर्ने ।
- ***स्वास्थ्यकर्मीको सुरक्षाको सवाल सम्बोधन गर्ने :*** महामारीको बेलामा बढी खट्नुपर्ने डाक्टर, नर्स लगायत अन्य स्वास्थ्यकर्मीहरूलाई दिनुपर्ने थप सुविधा के के हुन्, यस बारेमा कसले निर्णय गर्ने, सो लागु नगरेमा न्यायको बाटो के हो भन्ने विषयमा प्रष्ट ब्यवस्था गर्ने ।

- ***स्वास्थ्यकर्मीलाई उत्तरदायी बनाउने ब्यवस्थाको सुनिश्चिता:*** अस्पतालमा गएका विरामीको उपचार नगर्ने डाक्टर, अस्पताललाई के सजाय हुने, र पीडितले के कस्तो कानुनी उपचार प्राप्त गर्ने भन्ने सम्बन्धमा प्रष्ट ब्यवस्था गर्ने ।

- ***शिक्षाको अधिकारको सवाल:*** बन्दाबन्दी तथा निषेधाज्ञाको समयमा बालबालिकाहरू मुलतः ग्रामीण भेगका बालबालिकाहरू, अपाङ्गता भएका बालबालिका, न्युन आय भएका परिवारका बालबालिका, दैनिक मजदुरीबाट गुजारा गर्नुपर्ने परिवारका बालबालिका लगायतको शिक्षाको अधिकार सुनिश्चित गर्न तीनै तहको सरकारलाई कसरी जिम्मेवार बनाउने भन्ने सम्बन्धमा कानुनी ब्यवस्था गर्ने ।

- ***सुशासन:*** महामारीको अवस्थामा हुने कालोबजारी, अनियमितता, भ्रष्टाचार, कमिशन, बढी मूल्य लिई औषधीको बेचबिखन आदि लगायत स्वास्थ्य सामग्री खरिद एवम् यस्ता प्रक्रियालाई सहज र सरल बनाउने ब्यवस्था राख्ने ।

- ***महामारीको बेलामा मानव अधिकार आयोग, अन्य विषयगत आयोगहरूको भूमिका:*** महामारीको बेलामा मानव अधिकार आयोग, अन्य विषयगत आयोगहरूको भुमिका र अदालत लगायतका निकायहरूको कार्यक्षेत्र के हुने, उनीहरूको काम, कर्तव्य र अधिकार के हुने ? महामारीको बेलामा राज्यका निकाय वा कानुनले व्यवस्था गरेका जनताको गुनासो सुन्ने निकायको सेवाको व्यवस्थापन कसरी गर्ने भन्ने सम्बन्धमा ब्यवस्था गर्ने ।

- ***निजी क्षेत्र तथा नागरिकको जिम्मेवारी तोक्ने :*** महामारीको बेला नागरिक तथा निजी क्षेत्रको जिम्मेवारी के हो ? निजी क्षेत्रका स्वास्थ्य केन्द्रहरूको जिम्मेवारी के के हुने भन्ने सम्बन्धमा ब्यवस्था गर्ने ।

**लैङ्गिक हिंसासित सम्बन्धित सवाल**

- ***कार्ययोजनाको बनाउनुपर्ने व्यवस्था:*** लैङ्गिक हिंसा सम्बोधन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा निर्देशनालय लगायत मातहतका निकायहरूले लैङ्गिक हिंसा लगायत महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरूमाथि हुने हिंसा सम्बोधन गर्न छुट्टै विस्तृत कार्ययोजना तर्जुमा गर्नुपर्ने व्यवस्था गर्ने ।
- ***पीडितको सुरक्षाको व्यवस्था गर्नुपर्ने :*** महामारीलाई सम्बोधन गर्न सार्वजनिक स्थानहरू जस्तो सेवा केन्द्रहरू, बाल सुधार गृहहरू तथा कारागारहरूमा भीडभाडलाई कम गर्न कार्य गर्नु जरुरी आवश्यकता हो । तर भीड कम गर्ने नाममा पीडितको सुरक्षाको व्यवस्थाका सम्बन्धमा उत्पन्न हुने जटिलताहरू सम्बोधन गरेरमात्र कारागार, बालसुधार गृह लगायतबाट रकम तिरी कैदीहरूलाई बाहिर आउने व्यवस्था गर्ने ।
- ***आन्तरिक तथा वाह्य सञ्चार प्रणालीको व्यवस्था गर्ने :*** पीडितको सुरक्षा, उद्धार, पुनर्स्थापनाका निमित्त जिम्मेवार व्यक्तिहरूबीच कुनै घटनाका सम्बन्धमा कसले, कसलाई तत्काल जानकारी दिने र पीडितलाई सुरक्षा गर्ने भन्ने सम्बन्धमा आन्तरिक तथा वाह्य सञ्चार योजना महामारीको प्रतिकार्य योजनामा सम्बोधन गर्नुपर्ने कानुनी ब्यबस्था गर्ने ।
- ***मूलप्रवाहिकरण गर्ने :*** नेपाल सरकारका विभिन्न निकायहरूले जारि गरेको प्रतिकार्ययोजना, मार्गनिर्देशन तथा निर्देशनहरूमा बन्दाबन्दीको समयमा हुने र भएका हिंसा सम्बोधनका निमित्त सबै सरोकारवालाहरूलाई जिम्मेवार बनाउन लैङ्गिक हिंसा सम्बन्धी विषयलाई मूलप्रवाहिकरण गर्नुपर्ने व्यवस्था सुनिश्चित गर्ने ।
- ***मौलिक हक अधिकारको सुनिश्चितता:*** समावेशी, समानता, अविभेद तथा नागरिकको मौलिक हकको प्रत्याभूतिजस्ता विषयलाई सम्बोधन गर्ने ।
- ***अन्तरविविविधताको सवाल सम्बोधन गर्ने:*** ऐन निर्माण गर्दा नेपाली समाजमा विद्यमान अन्तरविविधता र त्यसले विविध समूह र समुदायका व्यक्तिहरूमाथि पर्ने फरक-फरक प्रभावहरूलाई सम्बोधन गर्न केन्द्रित हुनुपर्ने ।
- ***राहतको व्यवस्था:*** विभिन्न जिल्ला र स्थानीय तहहरूमा बढ्दो रूपमा निषेधाज्ञा तथा लकडाउनको अवस्थामा श्रमिक, विपन्न वर्ग, सीमान्तकृत समुदायको लागि दिइने राहतको मापदण्ड र व्यवस्थापनको जिम्मेवारी कानुनद्वारा तोक्ने र जिम्मेवारी वहन नगर्ने निकायका सम्बन्धित व्यक्तिले उक्त दायित्व वहन नगरेमा कानुन बमोजिम सजाय हुने व्यवस्था गर्ने ।
- नेपाल सरकारले निर्देशिका, मापदण्ड, प्रतिकार्ययोजनाहरूलाई समावेशी र एकअर्कासित परिपुरक र समन्वयात्मक हुने गरी निर्माण गर्नुपर्ने व्यवस्था राख्ने एकीकृत कानुनमा व्यवस्था गर्ने ।